काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

## मिति २०८० असार २१ गते बसेको उन्नाइसौं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

प्रस्ताव नं. १. १३औं नगरसभाको आसन्न बैठकमा पेश गर्ने प्रस्तावहरु सम्वन्धमा छलफल गर्ने ।

निर्णय:

तपशिल बमोजिमका विधेयकहरु काठमाडौं महानगरपालिका १३औं नगरसभाको बैठकको कार्यसूचिमा प्रस्तावका रुपमा पेश गर्ने ।

(क) काठमाडौं महानगरपालिका सञ्चार तथा सूचना विधेयक, २०८०
(ख) काठमाडौं महानगरपालिका जनस्वास्थ्य विधेयक, २०८०
(ग) काठमाडौं महानगरपालिका महानगर प्रहरी विधेयक, २०८०

प्रस्ताव नं. २. विविध ।

(क) कक्षा ११ को छात्रबृत्ति उपलब्ध गराउने कार्यविधि तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने सम्वन्धमा ।

निर्णय :

काठमाडौं महानगरपालिका अन्तर्गतका संस्थागत शिक्षण संस्थाले कक्षा ११ का विद्यार्थीहरुका लागि प्रदान गर्ने १० प्रतिशत छात्रवृत्तिको लागि छात्रवृत्ति परीक्षा सञ्चालन कार्यविधि तर्जुमा गर्न तपसिलको कार्यदल गठन गर्ने र उक्त कार्यदलले तयार गरेको कार्यविधिको मस्यौदा विधायन समितिमा पेश गर्न सैदान्तिक सहमति दिने ।

तपशिल

| | |
|---|---|
| शिक्षा अधिकारी, शिक्षा विभाग, का.म.पा | -संयोजक |
| श्री रविना महर्जन, प्रधानाध्यापक, सरस्वती निकेतन माध्यमिक विद्यालय का.म.पा | -सदस्य |
| श्री रुपक राजवंशी, प्रधानाध्यापक, सिद्धार्थ वनस्थली स्कूल | -सदस्य |
| शिक्षा अधिकारीले तोकेको सूचना प्रविधि विज्ञ | -सदस्य |
| श्री मोतिराज खनाल, शिक्षा अधिकृत का.म.पा | -सदस्य सचिव |

प्रस्ताव नं. २. विविध ।

(ख) सहरी योजना आयोगका पदाधिकारीको नियुक्ति अनुमोदन सम्बन्धमा ।

**निर्णय :**

काठमाडौं महानगरपालिका सहरी योजना आयोगमा नियुक्त हुनु भएका सदस्यहरु श्री विनोदबाबु न्यौपाने, बाबुराम भट्टराई, सुरजराज काफ्ले, प्रतिक अधिकारी, रोहित पौडेल, सरस्वती मानन्धरको नियुक्ती अनुमोदन गर्ने ।